# मिति २०७९/१०/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या १०३

**बैठकका प्रस्तावहरु**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. तराई मधेश समृद्धि कार्यक्रमको योजना छनौट सम्बन्धमा ।
३. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०९/२७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. तराई मधेश सम्बृद्धि कार्यक्रम अर्न्तगत आगामी आ.व. २०८०/०८१ को लागि देहायका योजनाहरु माग गर्ने साथै नगरपालिकाले बेर्होनु पर्ने लागत सहभागिताको रकम आगामी नगरसभाबाट विनियोजन गर्ने ।

१) सामूदायिक भवन निर्माण तेनूवा – वडा नं. १०
२) बिद्धालय भवन निर्माण – वडा नं. ५ वभनी
३) सामूदायिक भवन निर्माण पटखहवा – वडा नं. ४
४) सामूदायिक भवन निर्माण देवानगढिया – वडा नं. ३
५) वर्गदवा महूवरिया सडक कालोपत्रे – वडा नं. २
६) श्री प्रावि नयांटोल पुर्वाधार निर्माण – वडा नं. १
७) कपिलवस्तू शहिद स्मृति प्रतिष्ठान पुर्वाधार निर्माण – वडा नं. ३
८) समयमाई मन्दिर निर्माण – वडा नं. १
९) कपिलवस्तू वहूमूखि क्याम्पस पुर्वाधार निर्माण – वडा नं. ३
१०) सिंचाई नदी वांध तटवन्ध निर्माण कृषि उत्पादन वृद्धि तथा पर्यटन सुन्दरिकरण कटुवा–वडा नं. १०
११) सिंचाईको लागि डिप वोरिंग तथा केनल नाली धर्मपनिया – वडा नं. ७
१२) रेहरा कृषि वाटो तथा डिप वोरिंग – वडा नं. ११
१३) कृषि वाटो तथा डीप वोरिंग गोटिहवा – वडा नं. ५
१४) सामूदायिक भवन सगरहवा – वडा नं. ६
१५) धार्मिक पुजा स्थल भवन निर्माण(कहांर समूदायको) – वडा नं. २
१६) सामूदायिक भवन निर्माण वनगाई – वडा नं. ११
१७) जर्लैया बैरेनी डाँडा सडक – वडा नं. ९

**समसामायिक विविध निर्णयहरु**

३. क.व.न.पा. वडा नं. ९ वडा कार्यालयको च.नं. ८०१ मिति २०७९/०९/२९ गतेको पत्रबाट अनुरोध भइ आएको बमोजिम गत वर्ष लगाइएको हेण्ड पाइप खरिद तथा वितरण वडा नं. ९ को ठेक्कामा कपिलमुनी हार्डवेयरले समान सप्लाई गर्नु पर्ने म्याद २०७९ माघ मसान्त सम्म थप गर्ने ।

४. हाट बजार तथा बस पार्कको आय ठेक्काको लागि पटक पटक सूचना जारी गर्दा समेत ठेक्का लाग्न नसकेको हुँदा २०८० असार मसान्त सम्मको लागि दैनिक राजस्व असूलीको लागि बढाबढको प्रक्रिया अघि बढाउने ।

निर्णय प्रमाणित
२०७९/१०/२४

५. योजना निर्माण चरणमै रेखदेख तथा अवलोकन गरी निर्माण कार्यलाई सहज गर्नको लागि २०८० असार मसान्त पछि म्याद थप नहुने शर्तमा प्रत्येक वडामा एक/एक जना सुपर भाइजर तथा कार्यालयको कामकाजको लागि ३ (तीन) जना दक्ष प्राविधिक सुपरभाइजर दैनिक ज्यालादारीमा कन्टिजेन्सीबाट भुक्तानी गर्ने गरि २०७९ फाल्गुन १ गते देखि २०८० असार मसान्त सम्म कामकाज गराउने ।

६. भू-उपयोग परिषदले स्वीकृत गरेको भू-उपयोग क्षेत्र बर्गिकरण सम्बन्धी मापदण्ड, २०७९ लाई अनुमोदन गर्ने साथै भू-उपयोग क्षेत्रको प्रतिवेदन सम्बन्धित वडामा खटिएका प्राविधिक कर्मचारीहरुले मापदण्ड बमोजिम प्रमाणित गर्ने।

७. कपिलवस्तु नगरपालिकाबाट स्ट्रेन्थ लिफ्टिङ्ग खेल खेल्न किर्गिस्थान गइ रजत पदक प्राप्त गरि यस नगरपालिकाको इज्जत र प्रतिष्ठा उच्च बनाउनु भएकोमा क.व.न.पा. २ बस्ने खेलाडी जीवन गिरिलाई प्रोत्साहन स्वरुप यातायात खर्च बापत रु. ६०,०००/- (साठ्ठी हजार) भुक्तानी गर्ने ।

६१/.

निर्णय प्रमाणित
२०७९।१०।२४

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३